नेपाल सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, स्याङ्जा

गण्डकी प्रदेश

**प्रथम पटक प्रकाशित मितिः२०७८/०८/०५**

यस कृषि ज्ञान केन्द्र स्याङ्गजा, गण्डकी प्रदेशको कार्यालयद्धारा आ.व.२०७८/०७९ मा संचालन गरिने तपसिलका कार्यक्रम संचालन गर्न ईच्छुक स्याङ्गजा जिल्ला भित्रका कृषि फर्म/ कृषक समुह तथा कृषि सहकारीले यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित आवश्यक कागजातहरु संलग्न राखी कृषि ज्ञान केन्द्र स्याङ्गजा मा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल :

| क.स | परियोजनाको किसिम | अनुदान सहयोग | संख्या | विनियोजित रकम (लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | नयाँ व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम संचालन (सुन्तालाजात, फलफुल, मौरी, अदुवा/ बेसार) ( कृषि विकास कार्यक्रम) | प्रति ब्लक न्युनतम ५० देखी अधिकतम ८५ प्रतिशत सम्म अनुदान | ३ | ७२.६ | आवश्यक क्षेत्रफलः<br>मौरीघार - १००० घार<br>सुन्तला/फलफुल/मसलाबाली - ७० हे.<br>**हालसम्म कुनै पनि ब्लक विकास कार्यक्रम संचालनमा नरहेको स्थानीय तहलाई प्राथमिकता दिइने छ** । साथै प्रस्ताव संगै ब्लकको विस्तृत कार्ययोजना पनि पेश गर्नुपर्नेछ । |
| २ | ग्रामिण पोषण सुरक्षण कार्यक्रम ( खाद्य तथा पोषण कार्यक्रम) | बढीमा ९० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ । | ६ | ३० | क्लष्टरको कृषक समूह वा कृषि सहकारीले आवेदन पेश गर्न पाउने साथै पहिले देखि आधुनिक घारमा मौरीपालन गर्दै आएका, प्लास्टिक घर निर्माण गरि तरकारी लगाईरहेका र व्यवसायिक रुपमा फलफुल खेति वा पशुपन्क्षि पालन गर्दै आएका घरधुरीहरु क्लष्टरमा समावेश हुन पाउने छैनन् । |
| ३ | समूह वा सहकारीका लागि खुल्ला जमिनमा प्रांगारिक उत्पादन अनुदान | कुल लागतको बढीमा ८०% सम्म अनुदान | १ | ५ | एउटै क्लष्टरमा धेरै जमिनमा उत्पादन गर्ने प्रस्तावलाई प्राथमिकता दीइने छ ।<br><br>एकल फर्मका लागि खुल्ला जमिनमा प्रांगारिक उत्पादनको लागि कम्तिमा ५ रोपनी जग्गामा खेति गर्नुपर्ने छ । |
| ४ | एकल फार्मको लागि खुल्ला जमिनमा प्रांगारिक उत्पादन अनुदान | | ५ | ७ | |
| ५ | प्रांगारिक उत्पादनका लागि प्लास्टिक घर विस्तार अनुदान | | ७ | ५ | |

आवश्यक कागजातहरुः

- निर्दिष्ट ढाचांमा प्रस्ताव र रु १० को टिकट सहितको निवेदन ।
- कृषि फर्म/कम्पनिको हकमा सस्थाको दर्ता प्रमाणपत्र ( नविकरण गर्नुपर्ने भएमा नविकरण गरेक, PAN/VAT दर्ता प्रमाणपत्र र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कृषक समूह/ कृषि सहकारीको हकमा ( नवीकरण गर्नुपर्ने भएमा नविकरण गरेको), PAN/VAT दर्ता प्रमाणपत्र , पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि , वार्षिक लेखा परिक्षण प्रतिवेदन र सस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपि।
- अघिल्लो दुइ आ. व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त नगरेको स्वघोसणा पत्र ।
- प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपी र जग्गा करार लिजमा लिई/कार्यक्रम संचालन गर्नेको हकमा न्युनतम १० वर्षको लागि करार सम्झौताको प्रतिलिपी ।
- सम्बन्धित स्थानीय तह वा वडाको कार्यक्रम दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।
- कृषक वर्गिकरण परिचयपत्रको प्रतिलिपी र नागरिकताको प्रतिलिपि ।

**नोटः थप जानकारीका लागि कृषि ज्ञान केन्द्र स्याङ्गजामा सम्पर्क राख्न हुन अनुरोध छ (०६३-४२०१३०, akcsyangja@gmail.com)।**

website: www.syangja.akc.gov.np

विनोद हमाल